# सम्सी गाउँपालिका

## सम्सी, महोत्तरी

# मधेश प्रदेश, नेपाल

सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सम्सी, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

**आ.व. ०८२।०८३ को निति कार्यक्रम तथा बजेट**

मितिः- २०८२ साल असार ७ गते

सम्सी गा.पा.को गाउँसभाको एघारौं अधिवेशन मिति २०८२।०३।०७ गते

मिति २०८२।०३।०७ गतेको गाउँसभाको एघारौं अधिवेशन (आ.व. २०८२।०८३) का प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ - आ. व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा।

निर्णयः- यस गा.पा.को गाउँसभाको एघारौं अधिवेशन (आ. व. २०८२/८३) को नीति, कार्यक्रम तथा बजेट तपसिल बमोजिम पारित गर्ने निर्णय गरियो।

आ. व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट

प्रमाणिकरण मिति- २०८२।०३।०७ गते

सभा सदस्य ज्यूहरु

यस गरिमामय सभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण सर्वसाधारण, राजनैतिक दलका प्रतिनिधिहरु, कर्मचारी तथा सरोकारवाला लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेटलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

(ग) विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती

विद्यमान अवसरहरू:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।
३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४। गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
६। सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु।

प्रमाणिकरण

रामनाथ यादव
गा.पा. अध्यक्ष

७। घरहरूको निर्माणमा भवनसंहिता पालना हुने कर्म वढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण वढ्नु ।

विद्यमान चुनौतीहरूः

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्पित गर्नु ।

४। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

५। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

६। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

७। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

८। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

९। भूउपयोग योजना प्रभावकारी रुपमा लागू गर्नु।

१०। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

११. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

भौतिक पूर्वाधार विकासः

सम्पूर्ण वडाका मुल सडकहरु ढलान सम्पन्न भइसकेको छ। नयाँ सम्पर्क मार्गहरु निर्माणको क्रममा रहेको छ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा नगरपालिका एवं प्रमुख राजमार्ग सम्मको सडक पहुचलाई सुदृढ बनाइएको छ। झोलुङ्गे पुलको निर्माण कार्य अगाडी बढाइएको छ।

सिंचाई तर्फ

गा.पा.का किसानहरुलाई सिचाईमा सहज पहुँचका लागि स्यालो ट्युबवेल अत्यधिक मात्रामा जडान गरिएको छ एवं किसानलाई माँग बमोजिम स्यालो ट्युववेलका लागि उपकरण उपलव्ध गराइएको छ। प्रथम चरणमा सिचाईको लागि वडा नं. ४ र ५ मा डिपट्युबवेलको व्यवस्था गरिएको छ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह,) का क्षेत्रमा भएका उपलब्धी

- गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल DPR सम्पन्न भई निर्माणको लागि मन्त्रालयमा प्रस्ताव पेश गरिएको छ।
- स्वास्थ्य सेवामा वृद्ध, अशक्त आदिका पहुँचका लागि "गाउँपालिका अध्यक्षसँग स्वास्थ्य घरदैलो कार्यक्रम" संचालन गरिएको छ।
- अनलाईन लोकसेवा तयारी कक्षा संचालनमा ल्याइएको छ।

प्रमाणिकरण

- शिक्षा जस्तो अपरिहार्य आवश्यक रहेको विद्यालय हाल सम्म समेत नरहेको सम्सी गा.पा. वडा नं. १ मा नयाँ आधारभुत विद्यालयको सुरुवात गरी पठनपाठनमा सहज पहुँच पुर्याइएको छ।
- स्वास्थ्य जस्तो संवेदनशील सेवामा सहज पहुँचबाट बंचित रहेका सम्सी गा.पा. वडा नं. १ र ६ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि योजना ल्याइएको छ।
- वडा नं. ५ पोखरभिण्डाको बर्थिङ्ग सेन्टर चालु आ.व. मै संचालन गरिनेछ।
- सम्सी PHC मा मेडिकल अधीकृत समेतको व्यवस्था गरी प्रदेश सरकारको समन्वयमा न्युनतम शुल्कमा ल्याब संचालन समेत गर्दै आएकोमा USG (Video X-ray) सेवा सुचारु गरिएको छ।
- गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा विद्यार्थीको बढ्दो चापका कारण सृजित समस्यालाई मध्येनजर गर्दै विद्यालयहरुमा द्रुत गतिमा भौतिक पूर्वाधार निर्माण गरिएको छ। साथै श्री जनता मा. वि. सम्सीको नयाँ भवन निर्माण सम्पन्न हुन थालिसकेको आ.व. २०८२।०८३ मा पूर्ण रुपमा नयाँ भवनमा पठनपाठनको कार्य संचालन तयारी गरिएको छ।
- गा.पा. कार्यालय तथा वडा कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।
- विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि वार्षिक विभिन्न खेलकुद गराउँदै आइएका छन्।

आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी

- वडा नं. ५ पोखरभिण्डामा नवनिर्मित ल्याब सहितको कृषि तथा पशु सेवा केन्द्र संचालनमा ल्याइएको छ।
- गाउँपालिकामा कृषिलाई प्रविधि मैत्री बनाउन नयाँ कृषि सडकहरु निर्माण गराइएको छ। कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू, विभिन्न मस्जिद मदरसा, बाबा बानेश्वरनाथ मंदिर, सम्सी गा.पा.को पहिचानको रुपमा रहेको बाबा अन्हेरभाटको मन्दिर तथा राम जानकी मंदिर लगायतका स्थानहरुको स्तरोन्नती गरी संरक्षण र प्रवर्धन गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ।
- रोजगारी सृजना गर्न गाउँपालिकाभित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ।
- सिंचाईको लागि प्रथम चरणमा गाउँपालिकाको वडा नं. ४ र ५ मा डिप बोरिङ्गको काम सम्पन्न हुने अवस्थामा रहेको छ।

सुशासन तथा संस्थागत विकासमा भएका उपलब्धीः

- आवश्यक ऐन ,नियमावली, कार्यविधि, र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएकोछ।
- सम्सी गाउँपालिकाको भुउपयोग मापदण्ड, भवन अभिलेखिकरण तथा नक्सापास कार्यविधि लागु गरिएको छ।
- गाउँपालिकाले O&M गरी सो अनुसारको संगठन संरच जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व .को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७८ अंक प्राप्त गरी जिल्लामा तेश्रो स्थान प्राप्त गरेको छ ।

प्रमाणिकरण

- राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।

## (च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभा सदस्य ज्युहरु,

अब म आ. व. २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

### १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

#### क. शिक्षा

१. गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुबाट आधारभूत तह कक्षा-८ तथा एसईई को सर्वोतकृष्ट एक एक छात्र र छात्रा र विद्यालयलाई सम्मान गरी पुरस्कृत गरिने कार्यक्रमको प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

२. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधाको लागि माध्यमिक विद्यालयहरुमा सेनिटरी पैड डिस्पोजल मेसिन जडान र आधारभुत खानेपानी सुविधा विस्तार गरिनेछ। विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

३. शिक्षाको गुणस्तर बढाउन शिक्षकहरुको व्यावसायिक क्षमता विकास, पाठ्यक्रममा भएको परिमार्जनलाई आत्मसात गर्न परिमार्जित पाठ्यक्रमको विषयवस्तु सम्बन्धी तालिमको लागि व्यवस्था गरिनेछ।

४. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरवन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

५. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरवन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

६. सबै सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला र अहिलेको समयमा अति आवश्यक रहेको कम्प्युटर शिक्षालाई स्तरीय बनाउन अत्याधुनिक कम्प्युटर प्रयोगशालासहितको व्यवस्थापन गरिनेछ। तथा श्री जनता मा. वि सम्सीमा एउटा कम्प्युटर मा. वि शिक्षकको व्यवस्थापन गरिनेछ।

७. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई पूर्ण रुपमा प्रयोगमा ल्याउन प्रेरित गरी अवलम्वन गरिनेछ।

प्रमाणिकरण

गा.पा. अध्यक्ष

८. गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुबाट आधारभूत तह कक्षा-८ तथा एसईई .ई.ई.मा सर्वोत्कृष्ट अंक ल्याउने एउटा छात्र, एउटा छात्रा र विद्यालयलाई सम्मान गरी पुरस्कृत गरिने कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताहरु संचालन गराईनेछ।

२. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनर्स्थापनाको प्रवन्ध मिलाइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिने कार्यलाई निरन्तरता दिईनेछ।

६. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, वालवालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक वहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४. हिंसा पिडित महिला तथा वालवालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

प्रमाणिकरण

५. हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

७. गाउँपालिका तथा वडास्तरीय रुपमा गठन भएका बाल क्लव संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

८. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८२/८३ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रसुति सेवा केन्द्रको विस्तार स्वास्थ्य संस्थाको भवन निर्माण तथा मर्मतलाई प्राथमिकता दिईने छ। ज्येष्ठ नागरिक, असहाय, अति गरिवहरुको निम्ति निःशुल्क औषधी उपचारको व्यवस्था गर्ने नीति अवलम्वन गरिएको छ। साथै कडा रोग लागेका बिरामीहरुलाई नेपाल सरकारद्वारा व्यवस्था भए बमोजिम कोषको स्थापन गरी उपलव्ध गराइनेछ।

२. सम्पूर्ण गाउँवासीलाई स्वास्थ्य विमा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिनेछ। सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ। जटिल प्रकृतिका रोग लागेका विरामीहरूलाई पोषण खर्च उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था मिलाइनेछ । गर्भवती आमा तथा नवजात शिशुको मृत्यु दर शुन्य पार्नको लागि "आमा सुरक्षा कार्यक्रम" अन्तर्गत नियमित रुपमा स्वास्थ्य परीक्षण गराउन र शतप्रतिशत संस्थागत रूपमा सुत्केरी गराउन प्रोत्साहित गरिनेछ। पोषण सुधारको लागि पोषणमैत्री स्थानीय शासन अवलम्बन गरी संस्थागत गर्दै लगिनेछ।

३. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवां तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित बनाइनेछ।बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

४. जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै प्रत्येक वडाहरुमा घुम्ती स्वास्थ्य सेवा पुर्याउन "गा.पा. अध्यक्षसँग स्वास्थ्य घरदैलो कार्यक्रम"लाई अझ प्रभावकारी रुपमा संचलन गरी निरन्तरता दिईनेछ।

५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

६. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई गाउँपालिकाभित्र अस्पताल ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

प्रमाणिकरण

७. वडा नं. ४ भेटपुर पुरवारी टोलमा आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ।

२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. "गाउँपालिका स्तरीय रोजगार कार्यक्रम" अन्तर्गत एउटा लुगा धुने साबुन उद्योग संचलान गर्न कच्चा पदार्थको व्यवस्था मिलाई सामग्री तयार गरी विक्री वितरणको व्यवस्थापन मिलाईनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी वनाइनेछ ।

३. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धनमा जोड दिईनेछ।

ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. कृषि उपज भण्डारणको लागि चिस्यान केन्द्र निर्माण गर्न पहल गरिनेछ र आधुनिक कृषि सामग्री तथा औजारहरु अनुदानमा उपलब्ध गराउने तथा कृषकहरुका लागि तालिम र सिंचाईको प्रभावकारी व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।

२. सिचाईका लागि व्यवस्थित कृषि विद्युतीकरणलाई विगतझैं प्राथमिक्तामा राखि कार्य गरिनेछ। "सिंचित कृषि उन्नत सम्सी" को अवधारणलाई आत्मसात गरी निरन्तरता दिइनेछ।

३. पशुहरुको नश्ल सुधार कार्यक्रम अन्तर्गत कार्यालयमा रहेका पशु सेवा सम्वन्धी प्राविधिक कर्मचारीहरुलाई परिचालन गरी कृत्रिम गर्भाधानद्धारा आवश्यक नश्ल सुधार कार्यक्रमलाई (ए आई) जोड दिईनेछ। पशु विमालाई प्रोत्साहन गरिनेछ।

४. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

५. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

६. मासु पसल तथा वधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइन अनुगमन गरिनेछ र आवश्यक व्यवस्थापन गरिनेछ।

७. तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।

ग. सहकारी सम्वन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुलाई सुचना प्रविधिमा आधारित प्रणाली COPOMIS मा आवद्ध गराई अनलाईन रेकर्ड राखिनेछ।

प्रमाणिकरण
रामनाथ यादव
गा.पा. अध्यक्ष

२. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रभावकारी कार्यान्वयन गरिने छ। साथै नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको Government Integrated Data Center बाट यस गाउँपालिकाका सम्पूर्ण तथ्यांकलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने नीति लिइने छ।

२. स्थानीय टिभि च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ। विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्याय सम्पादनको कार्यलाइ थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ।

२. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

४. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

५. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,

१. सम्सी गाउँपालिका भित्रका उत्कृष्ट कार्य गर्ने कर्मचारी, जनप्रतिनिधिहरु, सबैभन्दा बढी कर तिर्ने करदाताहरु तथा राम्रो र उदाहरणीय कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गरिने नीति अवलम्वन गरिने छ ।

प्रमाणिकरण

२. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक, आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र तयार गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको वक्यौता, पेश्की, वेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई नमुना स्थानीय तहहरुको अवलोकन भ्रमण गराई सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी कार्यक्रम संचालन गरिनेछ।

५. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गरिनेछ।

६. प्रहरी र वारुण यन्त्रका कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी करार पदपूर्ति गरी दक्षता तालिम दिने नीति लिइएको छ।

७. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

८. निवृतिभरन पाउने बाहेकका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ।

६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

क. खानेपानी तथा सरसफाई

१. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

२. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

६. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

७. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ।

ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

प्रमाणिकरण
रामनाथ यादव
गा.पा. अध्यक्ष

१. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।
२. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
३. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
४. गाउँपालिकामा आकश्मिक सेवा सहजताका लागि हेलिप्याडको निर्माण गरिनेछ।

७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. हिलो मुक्त सम्सीको अवधारणा लिई साकार तुल्याइनेछ।
२. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ।
३. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
४. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
५. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
६. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाका गौरव आयोजनाका रुपमा कार्यान्वियन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
८. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।
९. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
१०. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।
११. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं

प्रमाणिकरण

स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. गाउँपालिका क्षेत्र भित्र बन्ने आवासीय भवनमा "एक घरे-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१३. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१४. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१५. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिईनेछ वार्षिक रुपमा - व्यवसाय कर असुली कार्यलाई थप प्रभावकारी वनाउन "व्यवसाय कर तिरौं, विकास कार्यमा सरिक हौं" भन्ने नाराका साथ वडा समिति तथा सरोकारवालाहरुलाई अभिमुखिकरण सहित सशक्त वनाई परिचालन गरिनेछ।

२. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत विक्रि सम्वन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

३. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्वन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

५. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

६. वडा कार्यालयहरुसँग समन्वय गरी घर वहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

७. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

८. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

११. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

१२. करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्वन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

प्रमाणिकरण

रामनाथ यादव

गा.पा. अध्यक्ष

- सम्सी गाउँपालिकामा आयोजना बैंकको स्थापना गरी प्राथमिकताको आधारमा आयोजना/कार्यक्रम छनौट तथा प्राथमिकिकरण गरी कार्यान्वयन गरिने नीति लिइने छ।

- लामो समयदेखी समस्या समाधान हुन नसकेको भूमिहीन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न राष्ट्रिय भूमी आयोगसंग सहकार्य गरि यथार्थ लगत लिई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने सरकारी उद्देश्यलाई सार्थक बनाउन आवश्यक प्रयास गरिने छ।

सभा सदस्यज्यूहरु

अब म अगामी आर्थिक वर्ष २०८२/८३ को अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

माथि उल्लेखित विषयगत नितिहरुको सफल कार्यान्वयन गर्न हाल सम्म प्राप्त तथ्याङ्क बमोजिम संघीय सरकारबाट बित्तिय समानिकरण अनुदान रु. १० करोड ६ लाख तथा राजश्व बाँडफाटबाट रु. ९ करोड ९२ लाख ८५ हजार सत्तहत्तर, त्यस्तै सशर्त अनुदान १४ करोड ५५ लाख, संघीय सरकार समपूरक अनुदान २ करोड २२ लाख, संघीय सरकार विशेष अनुदान ६९ लाख, प्रदेश सरकारबाट बित्तिय समानिकरन ६९ लाख ३० हजार, प्रदेश सशर्त अनुदान ८० लाख(अनुमानित), प्रदेश विशेष अनुदान  ३० लाख(अनुमानित), प्रदेश समपुरक अनुदान २० लाख (अनुमानित), राजश्व बाँडफाट ६० लाख ४२ हजार ८३०, आन्तरिक राजश्व ५० लाख, रजिष्ट्रेसन दस्तुर रु.३५ लाख, गत वर्षको मौजदात अल्या ८ करोड (अनुमानित) र सामाजिक सुरक्षा भत्ता रकम रु.१४ करोड ५७ लाख ६० हजार गरी कूल ६३ करोड ४७ लाख १७ हजार ९०७  मात्र अनुमान गरेको छु । यस बाहेक विभिन्न कार्यक्रम बाट प्राप्त हुने बजेट अनुदान तथा अन्य आय प्राप्त भए बमोजिम निर्देशन अनुसार खर्च लेखिनेछ ।

अन्त्यमा,

गाउँपालिकाको सन्तुलित एवं समावेसी विकास हाम्रो चाहना हो र साध्य पनि हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथिका सबै पक्षलाइ विशेष ध्यान दिइनेछ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान पुग्ने छ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैद्यानिक कार्यान्वयन अतिनै महत्वपूर्ण हुन्छ, तसर्थ यस विषयमा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म विशवस्त छु ।

धन्यवाद ।

रामनाथ यादव
गा. पा. अध्यक्ष
सम्सी गाउँपालिका, महोत्तरी
सम्बत २०८२ साल असार ७ गते

प्रमाणिकरण
रामनाथ यादव
गा.पा. अध्यक्ष